# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६/७७
च.नं.:- ४०४८

मिति: २०७७।०३।०२

*(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन ।)*

विषय: बैकल्पिक सिकाइ सहजीकरण सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
कालिका नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा मिति २०७७/०३/०२ गते कालीका नगरपाललिकाका नगर प्रमुख ज्युको अध्यक्षतामा बसेको प्रधानाध्यापकहरु, शिक्षक पेशागत संस्थाका प्रमुख एवं प्रतिनिधिहरु लगायत अन्य शैक्षिक सरोकारवालाहरुको बैठकको निर्णय अनुसार कालिका नगरपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयहरुले तपसील अनुसार गर्नु/ गराउनुहुन अनुरोध गरिन्छ ।

तपसील:

१. २०७७ असार ३ गतेबाट विद्यालयको प्रशासनिक तथा व्यवस्थपकीय कार्य सुचारु गर्ने/गराउने र प्रधानाध्यापकले शिक्षक, कर्मचरी तथा अन्य जनशक्ति परिचालनको व्यवस्था मिलाउने । तर विद्यालयमा विद्यार्थीहरु उपस्थिति गराइ शिक्षण सिकाइ कार्य अर्को व्यवस्था नभएसम्म नगर्ने नगराउने ।

२. क्वारेन्टाइन स्थल कायम भएका विद्यालयहरुले सम्बन्धित वडा कार्यालयसंगको समन्वयमा बैकल्पिक स्थान व्यवस्था गरी प्रशासनिक तथा व्यवस्थापकीय कार्य गर्ने गराउने ।

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकाशन गरिएको ***वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७*** अनुसार सिकाइ सहजीकरणको कार्य सम्पादन गर्ने गराउने तथा सामाजिक दूरी कायम गरी पाठ्यपुस्तक वितरणको व्यवस्था मिलाउने ।

४. शिक्षा मन्त्रालय वा अन्तर्गतका निकायहरु तथा अन्य निकायहरुवाट प्रकाशन तथा प्रसारण भएका सामग्री सम्बन्धी जानकारीहरु विद्यार्थी तथा अभिभावकहरुलाई बैकल्पिक माध्यमबाट जानकारी गराउने ।

५. बैकल्पिक सिकाइ कार्यक्रमहरुको प्रयोग गरी सिक्ने कार्यमा आफ्ना विद्यार्थीहरु संलग्न भए नभएको बैकल्पिक माध्यमबाट नै अनुगमन गरी थप परामर्श दिने ।

६. विद्यालयले कार्यान्वयन गरेको सबैभन्दा उपयुक्त तथा प्रभावकारी बैकल्पिक सिकाइ सहजीकरण क्रियाकलापको विवरण कालिका नगरपालिकाको शिक्षा शाखामा पेश गर्ने ।

६. उल्लेखित कार्यहरु सम्पादन गर्दा गराउंदा कोभिड १९ को महामारी बाट बच्न अवलम्वन गर्नु पर्ने सुराक्षत्मक उपायहरु पुर्णरुपमा अवलम्बन गर्ने ।

७. विद्यालयका सम्पुर्ण गतिविधिहरुको मुख्य उत्तरदयित्व प्रधानाध्यापकमा रहने छ ।

...................
( उप सचिव)
**उप सचिव**